# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ११ पूर्णाङ्क १५६ | २०७६ असोज १३ गते सोमबार | Monday, 30 Sept., 2019 | पृष्ठ ८ + ४ = १२ | मूल्य रु. १०|-


## नेवाः मोर्चाको बैठक सम्पन्न

### तेस्रो राष्ट्रिय सम्मेलन यहि माघ २४, २५ र २६ हुने

नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको केन्द्रीय समितिको पूर्ण बैठक मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठको अध्यक्षतामा यही ११३९ यंलागाः चह्रे (०७६ असोज १० गते) बस्यो । उक्त बैठकले सम्मेलनको तयारी अपुग भएकोले पुषमा गर्ने भनिएको नेवाः मोर्चाको राष्ट्रिय सम्मेलन एक महिनापछि सारी माघ २४,२५ र २६ गते गर्ने निर्णय गरेको छ । यसको तयारीकै लागि देशै भरी जिल्ला सम्मेलन वा भेला मंसिरसम्ममा गरिसक्ने र प्रदेश सम्मेलन वा भेला मंसिर मसान्तसम्ममा गरी सक्ने निर्णय गरेको छ । उक्त बैठकले प्रतिवेदन र विधानको लेखनको जिम्मा क्रमशः मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ र महासचिव शिव श्रेष्ठलाई दिएको छ । नेवाः मोर्चाका उपाध्यक्ष सुरेश श्रेष्ठको संयोजकत्वमा कोषाध्यक्ष सपना राजथला, काठमाडौं जिल्लाका अध्यक्ष नमस्ते सायूमी, ललितपुर जिल्लाका अध्यक्ष जगदिश्वर महर्जन र भक्तपुर जिल्लाका अध्यक्ष कृष्णप्रसाद धेमोसुसहितको आर्थिक उपसमिति बनाएको छ । त्यसै गरी मोर्चाका अर्का उपाध्यक्ष गोर्की श्रेष्ठको संयोजकत्वमा बोजराज श्रेष्ठ र ज्ञानेन्द्र प्रजापतिसहितको मंच व्यवस्थापन उपसमिति बनाएको छ । प्रचार प्रसार उपसमिति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठको संयोजकत्वमा सचिव श्रीकृष्ण सुलु र नेवाः राज्य साप्ताहिकका सम्पादकसहित तीन जनाको बनाएको छ ।

# भारतीय प्रधानमन्त्रीको भाषणप्रति क्रान्तिकारी माओवादीको आपत्ति

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले 'भारतले विश्वलाई बुद्ध दिएको' भन्ने भारतका प्रधानमन्त्रीद्वारा गरिएको भाषणप्रति आपत्ति जनाएका छन् । एक विज्ञप्ति प्रकाशित गरेर उनले सो कुरा उल्लेख गरेका हुन् । यही २०१९ सेप्टेम्बर २७ मा संयुक्त राष्ट्रसङ्घको महासभामा भारतका प्रधानमन्त्रीले दिएको भाषणमा 'भारतले विश्वलाई बुद्ध दिएको छ' भन्ने वाक्यांश प्रयोग गरिएको थियो ।

वैद्यले विज्ञप्तिमा भनेका छन् ,'नेपालको लुम्बिनीमा जन्मिएका गौतमबुद्ध भारतीय नभएर नेपाली नै रहिआएको कुरा अवगत हुँदाहुँदै उनलाई भारतीय बनाउन खोज्नु नितान्त गलत भएको बेहोरा स्पष्ट गर्न चाहन्छौं ।' साथै अब आइन्दा यस्ता अभिव्यक्ति नदिन पनि भारतका प्रधानमन्त्रीलाई वैद्यले चेतावनी दिएका छन् ।



संसारका मजदुरहरु एक होऔं ! | मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)
केन्द्रीय आयोजक समिति
Central Organising Committee

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd.No. :-

विषय : वक्तव्य

यही २०१९ सेप्टेम्बर २७ मा संयुक्त राष्ट्रसङ्घको महासभामा भारतका प्रधानमन्त्रीद्वारा प्रस्तुत भाषणमा भारतले विश्वलाई बुद्ध दिएको छ भन्ने आपत्तिजनक वाक्यांश प्रयोग गरिएकोमा हामी त्यसको दृढ विरोध गर्दछौं । नेपालको लुम्बिनीमा जन्मिएका गौतमबुद्ध भारतीय नभएर नेपाली नै रहिआएको कुरा अवगत हुँदाहुँदै उनलाई भारतीय बनाउन खोज्नु नितान्त गलत भएको बेहोरा स्पष्ट गर्न चाहन्छौं । साथै, अब आइन्दा यस्ता अभिव्यक्ति नदिन पनि भारतका प्रधानमन्त्रीसित अनुरोध गर्दछौं ।

मितिः १३ भदौ २०७६

महासचिव
ने.क.पा. (क्रान्तिकारी माओवादी)

## वर्तमान विश्व बहुध्रुवीय क्रान्ति सम्पन्न गर्न अनुकूलता




अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको नवलपुर जिल्ला सम्मेलन जिल्लास्थित गैंडाकोटमा सम्पन्न भएको छ । यही असोज १० गते श्रीराम पार्टी प्यालेसमा सम्पन्न उक्त प्रथम जिल्ला सम्मेलनको उद्घाटन ने.क.पा.(क्रान्तिकारी माओवादी)का पोलिटव्युरो सदस्य अटलले गरेका थिए । उनले कार्यक्रमलाई सम्वोधन गर्दै बर्तमान विश्व बहुध्रुबीय बन्दै गएको र साम्राज्यवादको अस्तित्व थप संकटग्रस्त बनिरहेको वर्तमान अबस्थामा क्रान्ति सम्पन्न गर्न अनुकुलता सिर्जना भएको वताए । निकट भबिस्यमै बिद्रोह द्वारा सत्ता कब्जा गर्न सम्भावना रहेको भन्दै उनले आम मजदुरहरूलाई जनबिद्रोहको तयारीमा अग्रणी भुमिका खेल्न आग्रह समेत गरे । सत्ताधारी नेकपाले कम्युनिस्टका नाममा दलाल पुजिपतिबर्गको सेवा गरिरहेकोले त्यसका बिरुद्ध भण्डाफोर गर्दै मजदुरहरू सचेत ढङ्गले आफ्नो तयारीमा अगाडि बढ्नु पर्नेमा नेता अटलले विशेस जोड दिए ।

त्यसैगरी बिशेष अतिथिको रूपमा सम्मेलन सफलताको शुभकामना ब्यक्त गर्दै महासंघका केन्द्रीय अध्यक्ष ईश्वर तिमिल्सिनाले पुँजिपती बर्गको गोटी बनेका यथास्थितिवादी ट्रेड युनियनहरूले मजदुरले बिगतमा उपभोग गर्दै आइरहेका अधिकार समेत खोसेर मजदुर बिरोधी श्रम ऐन २०७४ निर्माण गर्न सकृय भुमिका खेलेको बताए । उनले हायर एण्ड फायर, नो वोर्क नो पे नीतिलाई कानुनी रूपमै अगाडि बढाएर मजदुरहरूको स्थायी हुने र संघर्ष गर्ने अधिकार समेत खोसेको तथ्य औल्याए । सरकार दलाल पुजिपतिबर्गको गोटी भएर काम गरिरहेकाले मजदुरबर्गको राजनैतिक सहभागिता सहितको राजनैतिक व्यवस्था स्थापनाकालागि अगाडि बढ्न नेता तिमिल्सिनाले आम मजदुरहरूलाई आग्रह गरेका थिए । लोकबहादुर क्षेत्रीको अध्यक्षता र युवराज वाग्लेको सञ्चालनमा कार्यक्रमलाई अगाडि वढाइएको थियो ।

कार्यक्रममा नवलपुर जिल्ला पार्टी सेक्रेटरी उत्तम थापामगर,चितवन जिल्ला पार्टी सेक्रेटरी अशोक शर्मा,मजदुरनेता वालकृष्ण सिटौला लगायत विभिन्न जनवर्गीय सङ्गठनका जिल्ला तथा केन्द्रीय नेताहरूले शुभकामना दिएका थिए । कार्यक्रम हुनु अघि आकर्षक र्यालीले सहरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

सम्मेलनले लोकबहादुर क्षेत्रीको अध्यक्षतामा १३ सदसीय कार्यसमिति चयन गरेको छ । उपाध्यक्ष शिव बहादुर दराइ, सचिव हरि दवाडी, कोषाध्यक्ष सङ्गिता गुरुङ र सदस्हरूमा सबिन राई, चिरञ्जिवी भण्डारी, कमला शाही, गोमा आलेमगर, टेकबहादुर राना, ज्ञान बहादुर थापा, आर्यन परियार, निरज कुनुङ मगर, अजय गुरुङ् रहेका छन् ।

## फाउण्डेसन सल्लाहकार समितिको अध्यक्षमा मोहन वैद्य

### दुल्लुमा हर्क वहादुर शाहीको अर्धकदको शालिक निर्माण




हर्कवहादुर शाही स्मृति फाउण्डेसनको कार्य समितिको वैठकले फाउण्डेसन सल्लाहकार समितिको अध्यक्षमा नेकपा(क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्यलाई चयन गरेको छ । सदस्यहरूमा पुर्व राष्ट्रिय सभा सदस्य रंगनाथ जोशि, पुर्व प्रतिनिधि सभा सांसद नर वहादुर हमाल ,चक्रपाणि शर्मा र एक सदस्य पछि थप गर्ने गरी पाँच सदसीय समिति रहने निर्णय गरिएको छ ।

हर्कवहादुर शाहीको सम्झनामा एक

## चीनमा माओ विचारपछिको सी विचार

अहिले चीनमा वर्तमान चिनीयाँ नेतृत्वले चिनीयाँ कम्युनिस्ट पार्टीको नीतिलाई यसरी सुत्रवद्ध गरेको छ– मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधारा-देङ सियाओ पिङग सिद्धान्त-सी जिनपिंग विचार । जसको प्रभावकारी कार्यान्वयनका लागि चीनको नेसनल पिपुल्स कंग्रेसको वार्षिक बैठकले सन् १९९०को दशकदेखि एक व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुन नपाउने जस्तो सिमित कार्यकालको प्रावधान हटाउने प्रस्ताव गरेको थियो र त्यसलाई

***चीनको नेसनल पिपुल्स कंग्रेसको वार्षिक बैठकले सन् १९९० को दशकदेखि एक व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुन नपाउने जस्तो सिमित कार्यकालको प्रावधान हटाउने प्रस्ताव गरेको थियो र त्यसलाई चीनको नेसनल पिपुल्स कंग्रेसका दुई सदस्यवाहेक सबैले समर्थन गरेर पारित गरेका थिए***



● हुकुमबहादुर सिंह ●

चीनको नेसनल पिपुल्स कंग्रेसका दुई सदस्यवाहेक सबैले समर्थन गरेर पारित गरेका थिए । यसरी अध्यक्ष माओपछि चीनमा सी नै त्यस्तो कम्युनिष्ट नेता बनेका छन्, जो आफ्नो जीवनभर चीनको राष्ट्रपति र पार्टीको प्रमुख बन्ने छन् । सीको विचारलाई नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवादको नाम दिइएको छ । यसका लागि उनले पार्टीभित्रका साना ठूला सबै भ्रष्ट नेताहरूलाई कारवाहीको दायरामा ल्याएका छन् । उनले यो स्पस्ट पारेका छन् कि जो पैसा कमाउन चाहन्छ उ कम्युनिष्ट पार्टीमा नआवोस । सी प्राय आफ्ना नागरिकलाई चिनीयाँ मूल्य र मान्यतालाई नविर्सन आग्रह गर्दछन् । उनी भन्छन्–"हामी अरुको नक्कल गर्न थाल्यौ भने आफ्नै पहिचान गुमाउने छौ ।" यसैलाई नयाँ युगमा चिनियाँ *बाँकी ८ पेजमा*


## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिकाका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**अध्यक्ष**
**लक्ष्मण ब.विष्ट**

**प्रमुख प्रशासकीय अधिकृत**
**चन्द्रकान्त बस्नेत**

**एवं गाउँपालिका परिवार**

**इस्मा गाउँपालिकाको कार्यालय**

**इस्मा रजस्थल, गुल्मी**



## करदाता सेवा कार्यालय पाल्पाको सूचना

**कर सम्बन्धी सामान्य जानकारी**

१. कुनै पनि पेशा, व्यवसाय, कारोबार गर्नुभन्दा आन्तरिक राजस्व कार्यालय स्थायी लेखा नम्बर PAN (Parmanent Acocount Number) लिनुपर्दछ ।

२. (PAN) स्थायी लेखा नम्बर लिन आवश्यक पर्ने कागजातहरू

२.१ व्यक्तिको हकमा

- व्यवसाय दर्ता प्रमाण-पत्र
- नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
- रु. १० को टिकट टाँसी निवेदन
- घरबहाल सम्झौता/जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी
- कारोबार स्थलसम्म पुग्न सकिने नक्सानको संकेत
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
- गैर नागरिकको हकमा सरकारी निकायबाट जारी भएको कुनै परिचयपत्र

७. **दर्ता भएपछि गर्नुपर्ने काम :**

- स्थायी लेखा नम्बर ९एबल प्रमाण पत्र कारोबार गर्ने स्थानमा सबैले देख्ने गरी राख्नुपर्ने ।
- कारोबारका सिलसिलामा वस्तु वा सेवा खरिद वा पैठारी गर्दा अनिवार्य रूपमा कर बिजक वा बिजक लिनु पर्दछ र उक्त बिजकहरू खरिख खातामा अभिलेख जनाउनु पर्दछ र उक्त बिजकहरू बिक्री खातामा अभिलेद जनाउनु पर्छ ।
- खरिद खाता, विक्री खाता र मूल्य अभिवृद्धि कर लेखा अनिवार्य रूपमा राख्नुपर्दछ । प्रत्येका आर्थिक वर्ष (श्रावण १ देखि आषाद मसान्तसम्म) को लागि कर अधिकृतबाट प्रमाणित गराई खरिद खाता र विक्री खाता अभिलेखका लागि राख्नुपर्दछ ।

**अन्य जानकारीको लागि**

**करदाता सेवा कार्यालयमा सम्पर्क राख्नुहोला**
**कार्यालय प्रमुख**
**सागर पोखरेल**
सम्पर्क नं. : ०७५-५२२०४२, फ्याक्स : ०७५-५२०११७

## सम्पादकीय

# ‘दशैं’: रूपान्तरण आवश्यक

मूलतः हिन्दू धार्मिक मान्यतामा विश्वास राख्ने नेपालीहरूले दशैंलाई महान चाड पर्वको रूपमा मनाउने गर्दछन् । आश्विन शुक्ल प्रतिपदाका दिन पूजाघरमा जमरा राखी घटस्थापना गरेपछि नवमीसम्मका नौ दिन शक्तिस्वरूपा नवदेवीको पूजा आराधना गर्दै शक्तिको उपासना गर्ने र दशमीको दिन टीका विसर्जन गरेर भगवतीको प्रसादका रूपमा मान्यजनहरूका हातबाट उमारेको जमरा र रातो अक्षताको टीकासहित आशीर्वाद ग्रहण गर्ने दशैंको धार्मिक मान्यता र चलन रहँदै आएको छ ।

हिन्दू धर्म सामन्तवादको रक्षाकवचको रूपमा रहँदै आएको धर्म भएकोले सामन्तवादका नाइके राजा महाराजाहरूले आफ्नो शासकीय महत्वकांक्षा र सत्ता स्वार्थ अनुसार धार्मिक मान्यता तथा सँस्कृति परम्पराको विकास गर्दै आएको पाइन्छ । जे जस्ता धार्मिक मान्यताका आधारमा यो पर्व मनाउने गरिन्छ, त्यसमा वैज्ञानिकताभन्दा बढी अन्धविश्वास, रुढीवादिता र सामन्तवादी आडम्बरयुक्त संस्कारबाट निर्देशित र ग्रसित छ ।

हरेक संस्कृति, मूल्य मान्यता, संस्कार तथा परम्परा मानिस तथा तत्कालीन समाज एवम् राज्यव्यवस्थाले बनाएको हो । संस्कार, संस्कृति, परम्परा मानिस, समाज, राष्ट्र तथा राजनीतिक व्यवस्थाका लागि हो, मानिस, समाज, राष्ट्र तथा राजनीतिक व्यवस्था संस्कार, संस्कृति तथा परम्पराका लागि होइन । यसर्थ, कुनै कालखण्डमा विकसित गरिएका यस्ता संस्कार, संस्कृति, परम्परा तथा मूल्यमान्यताहरू समय सापेक्ष तथा युगनुकूल परिवर्तन हुँदै जानु पर्दछ । आजको वैज्ञानिक तथा सूचना प्रविधिको युगमा यस्ता संस्कार, चाडपर्व, संस्कृति तथा परम्पराहरूलाई पनि वैज्ञानिकताको कसीबाट हेरिन जरुरी छ र समयानुकूल मानवपयोगी बनाउँदै लैजान जरुरी छ । तर नेपालमा राजनीतिक व्यवस्था परिवर्तनका निम्ति विभिन्न कालखण्डमा ठूल्ठूला राजनीतिक संघर्ष र बलिदानहरू भएको भए पनि समयानुकूल साँस्कृतिक रूपान्तरणमा भने कुनै पहल गरिएन । यसर्थ, दशवर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, आदिवासी जनजाति तथा मधेश आन्दोलनका कारण अढाई वर्षदेखिको सामन्तवादको नाइकेको रूपमा रहेको राजनीतिक प्रतिनिधि संस्था राजतन्त्र समाप्त भएपनि त्यही सामन्ती राजतन्त्रले आफ्नो रक्षा कवचको रूपमा वर्षौंदेखि लादेको सामन्तवादी संस्कृति, मूल्यमान्यता, संस्कार तथा परम्परा भने अहिले पनि ज्युँको त्युँ छ । र, अहिले त्यही धर्म, संस्कृति, परम्पराको जगमा टेकेर फेरि पनि सामन्तवादले राजनीतिक रूपमा टाउको उठाउन खोजिरहेको छ । अधिकांश नेपालीहरूले मनाउँदै आएको दशैं पर्व पनि सामन्तवादी संस्कार तथा परम्पराको एउटा रूप हो । यही संस्कारलाई कम्युनिस्ट तथा वामपन्थी भन्ने सरकार, पार्टी तथा व्यक्तिहरूले पनि अंगिकार गर्नु र अझ त्यस्तो संस्कारलाई संस्थागत गरेर लैजानु विडम्बनायुक्त रहेको छ ।

दशैं नेपाली समाजमा यति धेरै जकडिएको संस्कृति तथा परम्परा हो कि गरिब तथा विपन्न वर्गका मानिसहरूले वर्षदिनभरी कमाएको आय यही दशैंमा खर्च गर्न बाध्य हुने गर्दछन् र वर्षभरि श्रम पसिना बगाउँदा पनि ऋण तिर्न नसक्ने गरी दशैंमा खर्च गर्ने गर्दछन् । अर्थात् दशैं हुनेखानेको चाडवाड बन्न पुगेको छ । देखासिकी, आडम्बरयुक्त संस्कार, बढ्दो महंगी र अनावश्यक खर्चले गर्दा गरिब तथा विपन्न वर्गका मानिसका लागि यो दशैं हरेक वर्ष दशा बनेर आउने गर्दछ । ‘आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई’ भन्ने उखानले यही यथार्थलाई चरितार्थ गर्दछ । यसर्थ, दशैं लगायतका सबै संस्कृति तथा परम्पराहरूलाई समयानुकूल र मानवपयोगी बनाउँदै वैज्ञानिक रूपमा रूपान्तरण गर्दै लैजानु पर्दछ । यसलाई राज्यस्तर र जनस्तर दुवैतर्फबाट रूपान्तरणका निम्ति पहल गरिन जरुरी छ । समय, परिस्थिति अनुसार मानिसका लागि उपयोगी नहुने संस्कार, संस्कृति तथा परम्परालाई रूपान्तरण गर्दै लैजान जरुरी छ ।


## जनचेतनामूलक सन्देश

क्यान्सरबारे जानकारी राखौ, सर्तक हौ, क्यान्सरलाई परास्त गरौ ।

- क्यान्सर रोगमा हुन सक्ने लक्षणहरू :
- चुरोट, बिंडी, खैनी, सुर्ती, जाँड, रक्सी र लागु पर्दाथ सेवन नगर्ने ।
- बासी,सडेगलेको र ढुसी परेको खानाहरू नखाने ।
- पोलेर डढेको मासु र अन्य खानेकुराहरू नखाने ।
- अखाद्य रंग प्रयोग गरिएका खानेकुराहरू नखाने ।
- चिल्लो बोसोयुक्त खानेकुराहरू र धेरै नुन नखाने ।
- धुलो,धुवाँ तथा वातावरणीय प्रदुषणबाट जोगिने ।
- आफ्नो गुप्ताङ्ग सधै सफा राख्ने ।
- मौसम अनुसारको हरियो सागपात,तरकारी र फलफूल दिनहुँ खाने ।
- महिलाहरूले आफ्नो गर्भाशय स्राव परीक्षण गर्ने ।
- स्तनमा गिर्खा,गाँठागुठी पलाएको छ-छैन प्रत्येक महिना आफैले राम्ररी छामेर हेर्ने र फेला परेमा स्वास्थ्यकर्मीहरूसंग परामर्श लिने ।
- नियमित शारीरिक व्यायाम गर्ने,अनावश्यक मोटोपन घटाउने ।

**क्यान्सर रोगबाट जोगिने उपायहरू**

- चुरोट, बिंडी, खैनी, सुर्ती, जाँड, रक्सी र लागु पर्दाथ सेवन नगर्ने ।
- बासी,सडेगलेको र ढुसी परेको खानाहरू नखाने ।
- पोलेर डढेको मासु र अन्य खानेकुराहरू नखाने ।
- अखाद्य रंग प्रयोग गरिएका खानेकुराहरू नखाने ।
- चिल्लो बोसोयुक्त खानेकुराहरू र धेरै नुन नखाने ।
- धुलो,धुवाँ तथा वातावरणीय प्रदुषणबाट जोगिने ।
- आफ्नो गुप्ताङ्ग सधै सफा राख्ने ।
- मौसम अनुसारको हरियो सागपात,तरकारी र फलफूल दिनहुँ खाने ।
- महिलाहरूले आफ्नो गर्भाशय स्राव परीक्षण ( एबउ कभबचरीद्यत्रः) गर्ने ।
- स्तनमा गिर्खा,गाँठागुठी पलाएको छ-छैन प्रत्येक महिना आफैले राम्ररी छामेर हेर्ने र फेला परेमा स्वास्थ्यकर्मीहरूसंग परामर्श लिने ।
- नियमित शारीरिक व्यायाम गर्ने, अनावश्यक मोटोपन घटाउने ।

थप जानकारीको लागि

**वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल**

भरतपुर,चितवनमा सर्म्पक राख्नुहोला ।



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**घनश्याम भण्डारी**

**प्रमुख**

**दुल्लु नगरपालिका परिवार**

**दैलेख**



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**खड्कराज उपाध्याय**

**प्रमुख**

**आठबिस नगरपालिका परिवार**

**दैलेख**



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**प्रेमबहादुर बुढा**
**अध्यक्ष**

**भैरवी गाउँपालिका कार्यालय**
**दैलेख**



## शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा हाम्रा सम्पूर्ण जिल्लावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

प्रो.सुरत कु. विष्ट
**विष्ट आयल स्टोर**
फोन नं. ०९१५६०२३६
टिकापुर–१, कैलाली

प्रो.अशोक सिंह
**मित मिनरल वाटर इण्डस्ट्रिज**
टिकापुर–१, कैलाली

प्र.अ.केशरवहादुर रावल
**श्री खड्ग स्मृति मा.वि.**
टि.न.पा.–१, कैलाली

प्र.अ. लिखराम चौधरी
**सप्तऋषि मा.वि.**
फोनः०९१५६०४६१,९८४८४४०९६५
टि.न.पा.–१, कैलाली

मेनेजरः–गोपाल परियार
**न्यू जि.पि ट्रेड सेण्टर**
फोनः–९८४८४२४०३६
टिकापुर–१, कैलाली

प्रो.केशवप्रसाद भट्टराई
**न्यु भट्टराइ ट्रेडर्स**
कान्छी बजार फोनः९८४८४३०५२२
टिकापुर–१, कैलाली

Managing Director: Kuber khadka
Dream Planner Engineering Service Pvt. Ltd
Ph no :9840057951, Godawari 1 kailali

राजकुमार सिलवाल– अध्यक्ष
**ललितपुर महालक्ष्मी न.पा. वार्ड नं. ५ परिवार**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**कर्ण सिंह बुढाथोकी**
**अध्यक्ष**

**कोहलपुर न.पा.वार्ड न.२ परिवार**
**बाँके**



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**दिपकजंग शाह**
**अध्यक्ष**

**कोहलपुर न.पा.वार्ड न.७ परिवार**
**बाँके**



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**विधाराम वर्मा**
**अध्यक्ष**

**नेपालगञ्ज उपमहानगरपालिका वार्ड न. २२ परिवार**
**बाँके**



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**गोपिलाल खनाल**
**अध्यक्ष**

**कोहलपुर न.पा.वार्ड न.१ परिवार**
**बाँके**



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**मोहम्मद सफिक वेहना**
**अध्यक्ष**

**नेपालगञ्ज उपमहानगरपालिका वार्ड न. ४ परिवार**
**बाँके**



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**तीर्थराम थारु**
**अध्यक्ष**

**कोहलपुर न.पा.वार्ड न.४ परिवार**
**बाँके**

## हार्दिक शुभकामना

दशै, तिहार तथा छट पर्वको बेला हुने विकृति, विसंगति न्यूनीकरण गरी सभ्य, भव्य र मर्यादित तरीकाले चाडपर्व मनाउन चुरे गाउपालिका वडा न. ५ वासी आमा, बुबा दिदीबहिनी, दाजुभाइहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**अध्यक्ष, वडासदस्य तथा सम्पूर्ण**

**चुरे गाउँपालिका वडा नं. ५ परिवार**

**सम्पर्कः–९८६८८७९८५६, खानीडाँडा, कैलाली**

**विकासमा सबैको एकै साथ**
**समृद्ध ५ नं. वडावासीको हात**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**अध्यक्ष**
**डिल्लीराज हमाल**

**प्रमुख प्रशासकीय अधिकृत**
**भक्तिराम मरासैनी**

**रेशुङ्गा नगरपालिकाको कार्यालय**
**तम्घास गुल्मी**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**दामोदर न्यौपाने**
**वडाअध्यक्ष**

**भरतपुर म.न.पा.वार्ड न.८ परिवार**
**भरतपुर, चितवन**

---

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा सम्पूर्ण ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

**अध्यक्ष भेषराज कँडेल तथा**
**जिल्ला कार्य समिति, होटल व्यवसायी मञ्च परिवार**
**गुल्मी**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिकाका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**अध्यक्ष**
**असोक कुमार थापा**

**प्रमुख प्रशासकीय अधिकृत**
**लेख वहादुर वस्नेत**

**गुल्मी दरवार गाउँपालिकाको कार्यालय**
**गौडाकोट, गुल्मी**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिकाका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**अध्यक्ष**
**निलकण्ठ गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**
**चेतनाथ गिरी**

**कुरुक्षेत्र गाउँपालिकाको कार्यालय**
**बलेटक्सार, गुल्मी**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**अध्यक्ष**
**डिल्लीराज भुसाल**

**प्रमुख प्रशासकीय कार्यकारी अधिकृत**
**भक्तिराम मरासिनी**

**रेशुङ्गा नगरपालिकाको कार्यालय**
**तम्घास गुल्मी**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिकाका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**अध्यक्ष**
**भुपाल पोखरेल**

**प्रमुख प्रशासकीय अधिकृत**
**काशिराम पन्थी**

**धुर्कोट गाउँपालिकाको कार्यालय**
**वरबोट, गुल्मी**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस नगरपालिकाका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**अजय पाठक**

**अध्यक्ष**

**नेपालगञ्ज उपमहानगरपालिका वार्ड न.१७ परिवार**

**बाँके**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**सीताराम थारु**

**अध्यक्ष**

**वैजनाथ गाउँपालिका वा.न.७ परिवार**

**बाँके**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**मान वहादुर खत्री**

**अध्यक्ष**

**वैजनाथ गाउँपालिका वा.न.५ परिवार**

**बाँके**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**भद्रबहादुर बस्नेत**

**अध्यक्ष**

**वैजनाथ गाउँपालिका वा.न.६ परिवार**

**बाँके**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**प्रेम बहादुर थापा**

**अध्यक्ष**

**वैजनाथ गाउँपालिका वा.न.२ परिवार**

**बाँके**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**रूप बहादुर मल्ल**

**अध्यक्ष**

**वैजनाथ गाउँपालिका वा.न.१ परिवार**

**बाँके**

# दसैं पर्व एक टिप्पणी



● हिरामणि दुःखी ●

**दसैँपर्वको आधार भनेको दार्शनिक रूपमा अधिभूतवाद र आध्य(ात्मिक आदर्शवाद, राजनीतिक रूपमा सामन्तवादी राज्यव्यवस्था र व्यावहारिक रूपमा अन्धवाद, पूरोहितवाद, ब्राह्मणवाद हो। यसले दाससंस्कृतिको पक्षपोषण गर्दछ । भौतिकवादका विरुद्ध पारलौकिक शक्तिमा विश्वास गर्न सिकाउँछ।**

वर्तमान समयमा यो 'विजयादशमी' लाई सकिनसकी हिन्दू समुदायका मानिसहरूले मनाउँदै आएका छन् । वर्ष दिनको सबैभन्दा ठूलो चाडका रूपमा मनाइने भएकाले यो चाडलाई पारिवारिक मिलनका रूपमा पनि मनाइन्छ । देशविदेश गएका आफन्तजनहरू जहाँबाट जसरी भए पनि घरमा आउने, गाउँले दाजुभाइ, इष्टमित्र एकजुट हुने र नाचगान गर्ने, पिङ खेल्ने, मासुभात खाने आदि गरेर रमाइलो गरिन्छ । यसले एक हदसम्म सामाजिक वैमनस्यलाई तोडेर सद्भाव निर्माण गर्न मद्दत पुऱ्याउने गर्दछ । पारिवारिक तथा कुलकुटुम्बका बीच रहेका तिक्तताहरूलाई मेटाउन मद्दत पुऱ्याउँछ । वर्षभरि खाने धान, मकै, कोदो, दलहन बालीजस्ता अन्न भित्र्याउने समय भएकाले ऋतुगत हिसाबले पनि रमाइलो हुन्छ । यही मौसममा पर्ने चाड भएकाले केही समय भए पनि समाजमा शान्ति कायम भएको महसुस गर्न पाउनुजस्ता सकारात्मक पक्षहरू पनि छन् ।

यो संस्कारले समाजमा सामन्तवाद र दास मनोवृत्तिलाई पनि संरक्षण प्रदान गरेको छ । पहिलो त यी र यस्ता सबै धार्मिक परम्परा अन्धविश्वासमा आधारित रहेको र मान्छेलाई वैज्ञानिक चेतना दिनुको साटो आध्यात्मिक चेतना थोपर्ने भएकाले समाजमा सामन्तवाद मौलाउने अवसर मिल्दछ। अर्को कुरा ठूलाबडा र मान्यजन भन्ने नाममा ठूलो केलाई मान्ने ? कसैको उमेरलाई मात्र मान्दा त वृद्धवृद्धाहरूको सम्मान होला तर सामन्तवादी चिन्तन र व्यवहार भएका मान्छे उमेरले जति नै वृद्ध भए पनि त्यसलाई मान्नु कति नैतिक र औचित्यपूर्ण हुन्छ ? योभन्दा पनि अझ अर्को पक्ष भनेको यसले संरक्षण गर्ने सामन्तवादी राज्यसत्ता र सनातनी संस्कृतिको कुरा हो । हिन्दू परम्परामा राजालाई दैवीय अवतार भनेर शक्तिका रूपमा मान्ने चलन छ । त्यसैले राजामहाराजाको हातको टीका थाप्ने, गाउँका मुखिया, जिमुवाल, बडघर, महतौंहरूबाट टीका थाप्न जाने (यद्यपि अहिले त्यो लोप हुँदै गएको छ) जस्ता प्रचलनले सामन्तवादको संरक्षण मात्र नभई त्यो नै अपरिहार्य हो भन्ने संस्कारको विकास गराएको छ ।

अर्को पक्ष भनेको गरिबीभित्रको बाध्यताले निम्त्याउने सामाजिक अपराध, कुसंस्कार, शक्ति प्रदर्शन, आडम्बरजस्ता अपराधमनोवृत्तिको विकास हो । नेपाली समाज गरिबीको चरम अवस्थाबाट गुज्रीरहेको छ । सरकारले गरेको असमान विकासप्रक्रियाले उत्पन्न आर्थिक अभाव, पछौटे संस्कृति र सामाजिक उत्पीडनले गर्दा विपन्न वर्गलाई दसैं दशा भएर आउने गरेको छ । मान्छेको हरेक संस्कार र संस्कृति उसको आर्थिक अवस्थाले निर्धारण गर्दछ। वरपर छिमेकमा भएका इनेगिने सम्भ्रान्त परिवारको प्रभावले पार्ने नकारात्मक असरले गर्दा सकिनसकी प्रतिस्पर्धा गर्न बाध्य बनाउने गरेको छ । यसले गर्दा वर्ष दिनमा आउने चाडपर्व मनाउनकै लागि अलिअलि भएको घरबारीसमेत बन्धकी राख्नुपर्ने, ऋण गरेर ल्याएको धनपैसा फजुल खर्चमा उडाउनुपर्ने जस्ता कारणले जनता गरिबीको चपेटामा पर्दै जान बाध्य भएका छन् ।

यसैगरी, मिश्रित समाजमा एउटा धर्मसंस्कृतिको तडकभडकले अर्को धर्मसंस्कृतिका समुदायमा पार्ने नकारात्मक प्रभावले गर्दा साम्प्रदायिकता भड्काउने गरेको पाइन्छ। त्यसले सामाजिक सद्भावलाई समेत खलल पुऱ्याउने गरेको छ। देशका बहुसंख्यक जनताको घरमा बिहानबेलुका चुलोमा आगो पनि नियमित बल्न सकेको छैन । कमाइकाज गर्न विदेशमा गएर कुल्ली, चौकीदारी र भाँडा माझ्नेजस्ता घरेलु काममा लाखौँ युवा जनशक्ति डुबिरहेको छ । त्यसले वर्ष दिनसम्म गुलामी गरेर पनि दुईचार सय रकम घरमा ल्याउन सक्दैन। गाउँमा काम गर्ने ठाउँ छैन। ठूलाबडा भनिएका शोसक सामन्तहरूको शोषण, दमन, अत्याचार ज्यूँका त्यूँ छ । देशले एउटा राजनीतिक निकास दिनसकेको छैन। अग्रगामी र पश्चगामी दलहरूबीचको द्वन्द्व यथावत् छ। यस्तो बेला मुठीभरका शासक र सामन्तहरूको पछि लागेर अन्धविश्वासी चाड मनाउनुको के अर्थ छ ? फेरि पौराणिक कथालाई आधार मान्ने हो भने पनि यो दैत्य र दानवहरूको राज चलेको बेला मेहनतकस श्रमजीवी जनताले विजयादशमी मनाउनुको के अर्थ रहन्छ ? जहाँ आफ्नो वर्गको विजय भएकै छैन।

**चाडपर्वलाई कसरी बुझ्ने ?**

जुनसुकै पर्वहरूको पौराणिक इतिहास हेर्ने हो भने यस्ता पर्वहरू कि तात्कालीन वर्गसङ्घर्षबाट पैदा भएका छन्, कि त प्रकृतिसँगको सङ्घर्ष गर्ने क्रममा अचेतन अवस्थाबाट जन्मिएका छन् । वर्गसङ्घर्षमा एउटा वर्गको विजय हुँदा त्यस वर्गले विजयउत्सव मनाउँदा चाडपर्वको रूप लिएको छ । आफ्नो वर्गको विजयपर्व त्यो विजेता वर्गले पराजित वर्गलाई पनि जबर्जस्त मान्न लगाएको पाइन्छ। जस्तो मर्ािेलियन समुदायका गुरुङ, मगर र अस्ट्रो द्रबिड जातिका थारूहरूले दसैँ मान्नु पनि विगतको दुई सय ४० वर्षीय सामन्ती राजतन्त्रात्मक राज्यव्यवस्थाको उपज थियो । यो सांस्कृतिक रूपबाट गरिएको वर्गीय उत्पीडन हो, यो अध्यावधी कायम छ । देशमा सामन्तवादी राजतन्त्र समाप्त भएर गणतन्त्र स्थापना हुँदा पनि हाम्रो देश हिन्दू राज्यकै अवस्थाबाट मुक्त हुन सकेको छैन। राज्यले अरू जाति र धर्मका पर्वहरूको तुलनामा दसैं तिहारमा बिदा धेरै दिनु, सरकारी तलबमा थप भत्ता दिनु, नेपाली सेनाले दसैँमा हर्ष बढाईं गर्नु, विभिन्न शक्तिपिठहरूको पूजा अर्चना गर्न र बलि दिन राज्यकोषबाट रकम उपलब्ध गराउनुजस्ता कार्यहरू सामन्तवादी हिन्दू राज्यका प्रमाण हुन् । त्यसैगरी राजाले जस्तै राष्ट्रपतिले दसैंको टीका थाप्न जनतालाई आह्वान गर्नु र हिन्दू धर्मका विभिन्न पर्वहरूमा सक्रिय सहभागि भएर हिजोका दिनमा राजाले गर्ने कार्य गर्नु जस्ता कुराले राष्ट्रपति हिन्दू धर्मावलम्बीहरूका मात्र भएको अनुभूति हुन्छ। यसले संविधानमा धर्मनिरपेक्ष राज्य घोषण गरे पनि राज्यसत्ता हिन्दू अतिवादीहरूकै हातमा छ भन्ने कुरा जनाउँछ ।

कुनै पनि हिन्दू वा अन्य धार्मिक चाडपर्वहरू र संस्कारहरूलाई मार्क्सवादीहरूले मान्दैनन् । मार्क्सवाद भनेको भौतिकवादी दर्शन हो। धर्म, संस्कार र चाडपर्वहरू भनेका अध्यात्मवादी विचारका तत्वहरू हुन् । अध्यात्मवादले 'ब्रह्म सत्य, जगत् मिथ्या' भन्दछ । अर्थात् यसले वस्तुजगत्लाई असत्य ठान्छ भने ईश्वरीय शक्तिलाई सत्य ठान्छ । यो कुरा विज्ञानको विकासले सोह्रैआना गलत साबित गरिसकेको छ। धर्म, चाडपर्व र संस्कारहरू पौराणिक मिथक हुन् । यसका कुनै प्रामाणिक आधारहरू छैनन् । कविलाई अवस्थाका मानिसले अल्पचेतनाका कारण तात्कालिक परिवेशमा प्रकृतिसँग जुध्न कल्पनाको सहारा लिएर लीलाको कल्पना गरे । त्यही श्वैरकल्पनामा आधारित लीलालाई एकपछि अर्को पुस्ताको मानिसले श्रुतिस्मृतिका रूपमा सुन्दै र पछ्याउँदै जाँदा संस्कृतिको रूप लिएको हो । पछि गएर शासकहरूले धर्मका रूपमा प्रचार गरे । त्यसको उद्देश्य थियो, जनतालाई अन्धविश्वासमा रुमल्याएर आफ्नो शासनसत्ता टिकाउनु । त्यो बेला धर्मलाई राज्यको मूल कानून मानिन्थ्यो । अहिलेको भौतिकवादी विज्ञानले त्यो मिथकलाई उदर्याएर छर्लौ पारिसकेको छ । त्यसैले कम्युनिस्टहरू भौतिकवादी हुनुको नाताले यस्ता अन्धविश्वासी कुराहरूलाई मान्दैनन् र मान्नु पनि हुँदैन ।

यदि आफूलाई सचेत कम्युनिस्ट सदस्य ठान्ने कुनै पनि व्यक्तिले दसैँ, तिहार आदि सबै आध्यात्मिक चाडपर्वहरू मनाउँछन् भने उनीहरूमा भौतिकवादी ज्ञान चेतनाको कमी भएको मान्नु पर्दछ । उनीहरूले वास्तवमा मार्क्सवादको दार्शनिक र सौन्दर्यशास्त्रीय पक्ष बुझेका छैनन् । फलस्वरूप उनीहरूले धर्म, संस्कार, संस्कृति, चाडपर्व आदिका बारेमा बुझ्न र विश्लेषण गर्न पनि सक्तैनन् । चाडपर्व, धर्म संस्कारप्रतिको विश्वास पूरै नहटिसकेकाले छरछिमेकी, नातागोता, परिवारका सदस्यहरू आदिको प्रभाव र दबाबमा पर्छन् र मान्दछन् । पार्टी नेता-कार्यकर्ता हुनु र भौतिकवादी हुनु फरक कुरा हो। एउटा मान्छे वैचारिक ज्ञानसिद्धान्तको अध्ययनले भौतिकवादी हुन सक्छ तर पार्टीका सबै कार्यकर्ता र नेता मार्क्सवादी भौतिकवादी नहुन पनि सक्छन् । त्यसैले त्यस्ता मान्छेहरूले चाडपर्व र परम्परावादी धर्म मान्दछन् । अझ अहिलेको राजनीतिक घटनाक्रमले त कम्युनिस्ट पार्टीहरूलाई सत्ता राजनीतिको चुनावी सङ्गठनका रूपमा मात्र सीमित गरिदिएको छ। अहिले नेपालका संसदवादी कम्युनिस्टहरू र अन्य पार्टीहरूमा विचारधारा, दर्शन र सांस्कृतिक मूल्यमा कुनै पनि भिन्नता छैन । एउटै विचार र दर्शनमा आधारित राज्यसत्ताको पक्षपोषण गर्दछन् । त्यसैले वर्तमान राज्यव्यवस्था स्वीकार गर्ने कम्युनिस्ट पार्टीहरूले यस्ता पौराणिक मिथकमा आधारित पर्वहरूलाई मनाउनु कुनै अनौठो विषय भएन ।

अर्को कारण हो, चुनावी राजनीति । संसदीय व्यवस्थामा चुनावी भोटबैंकको महत्वपूर्ण स्थान हुन्छ । चाडपर्व, धर्म-दर्शन र परम्परावादी संस्कार मान्ने जनताको मन जित्न र आफूप्रति जनतालाई आकर्षित गर्न पनि जनताले जे गर्छन्, त्यो मानिदिनु पर्छ भन्ने तर्कका आधारमा नेताहरूले यस्ता मिथकहरूलाई मान्ने गरेका छन् । यो त संसदवादी अवसरवाद हो । एउटा अग्रगामी विचार अँगालेको पार्टीका नेताकार्यकर्ताले चुनावी रणनीतिभित्र भौतिकवादी चेतनालाई समर्पण गर्न हुन्छ कि हुँदैन ? समाज परिवर्तन अग्रगामी विचार फैलाएर हुन्छ वा यथास्थितिवादी संस्कृतिको पछि लागेर हुन्छ ? यदि भौतिकवादी विचारलाई स्पष्टैसँग बुझिबुझीकन पनि अध्यात्मवादी विचारलाई मान्दै जाने हो भने कसरी पूरातनवादी विचारमा परिवर्तन आउँछ ?

**उपसंहार**

दसैँपर्वको आधार भनेको दार्शनिक रूपमा अधिभूतवाद र आध्यात्मिक आदर्शवाद, राजनीतिक रूपमा सामन्तवादी राज्यव्यवस्था र व्यावहारिक रूपमा अन्धवाद, पूरोहितवाद, ब्राह्मणवाद हो । यसले दाससंस्कृतिको पक्षपोषण गर्दछ । भौतिकवादका विरुद्ध पारलौकिक शक्तिमा विश्वास गर्न सिकाउँछ। यसले गर्दा शासकवर्गबाट गरिएका सबै प्रकारका शोषण, उत्पीडन र दमनका विरुद्ध सङ्घर्ष गर्नु हुँदैन बरू यो त पूर्वजन्ममा पापकर्म गरेकाले यस जन्ममा प्राप्त गरेको फल हो भनेर सन्तुष्ट रहन सिकाउँछ । साथै दसैँलगायतका सबै आध्यात्मिक पर्वहरूले शक्तिको पूजा गर्न सिकाउने र शासकवर्ग स्वयम् शक्तिशाली वर्ग भएको हुँदा त्यसको स्तुति गाउने र त्यसलाई सम्मान गर्नुपर्ने चेतना निर्माण गर्दछ। सारतः सबै धर्मका मौलाना, पादरी, पण्डित, ब्राह्मण, धर्मगुरु आदि जेजस्ता नामका धार्मिक पूरोहितहरू भए पनि तिनीहरूलाई सम्मान गर्नु, चाकडी गर्नु र उनीहरूको विश्वास गर्नु भनेको अन्धवाद हो । यसैले दसैँका अवसरमा ईश्वरप्रतिको भक्ति र प्रसादका रूपमा ग्रहण गरिने टीका-जमरा र आशीर्वादले सामन्तवादको संरक्षण गर्दछ । यिनै सामन्तवादी पर्वहरू नै संस्कृतिका रूपमा विकसित भएका छन् ।

यसरी सारतत्वमा भन्नुपर्दा संस्कृतिलाई समस्त मानवजाति र मानवीकरणको स्तरको परिचयका रूपमा संश्लेषण गर्न सकिन्छ । यो मानवसभ्यताको विकासक्रम सँगसँगै विकसित हुँदै र परिमार्जित हुँदै जान्छ। कविलाई युगको संस्कृति सामन्तवादी युगमा आउँदा परिस्कृत भएर आयो भने सामन्तवादी युगको संस्कृति पुँजीवादी र साम्राज्यवादमा आउँदा अझ विकसित भएर आयो । अब समाजवादी एवम् साम्यवादी संस्कृतिमा फड्को मार्नका लागि नयाँ वर्गसङ्घर्षको सुरुआत भएको छ। समाजवादी संस्कृतिमा जाति, वर्ग, लिर्ं क्षेत्र, धर्म, सम्प्रदायका आधारमा विभेद गर्ने संस्कृतिको अन्त्य हुनेछ, जहाँ सम्पूर्ण प्रकारका शोषण, उत्पीडन र विमानवीकरणको अन्त्य हुनेछ र सुन्दर संसारको निर्माण हुनेछ। त्यसपछि सम्पूर्ण मानवजाति अन्तर्राष्ट्रिय जातिमा बदलिने छन् । राज्यसत्ता, धर्म, अड्डा, अदालत, कानून, फौजी शक्ति सबैको अन्त्य हुनेछ। तसर्थ सामन्तवादी एवम् पुँजीवादी साम्राज्यवादी संस्कृति र धर्मको अन्त्य गर्न जरुरी मात्र नभई यो आजको युगको अनिवार्य शर्त बन्न गएको छ । यस्तो बेला भौतिकवादी विचारधारा अँगाल्ने समुदायले पूरातनवादी आध्यात्मिक संस्कृति, धर्म र चाडपर्व मनाउनु हुँदैन । त्यसको विकल्पमा जनताको विजयका उत्सवहरू, सङ्घर्षका गाथाहरू र मानिसले प्रकृतिसँगको सङ्घर्षमा गरेका वैज्ञानिक उपलब्धिलाई संस्थागत गर्ने र त्यसलाई नयाँ संस्कृतिका रूपमा स्थापित र विकसित गरेर लैजानु पर्दछ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

